प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणालीको नियमित/आंशिक परीक्षाको आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७९।०१।२८)

यस कार्यालयको मिति २०७९।०१।१४ गते प्रकाशित सूचना अनुसार **डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेण्ट, एग्रिकल्चर (प्लान्ट साइन्स), एग्रिकल्चर (एनिमल साइन्स) तथा सोसियल वर्क्स कार्यक्रम प्रथम बर्ष प्रथम खण्ड नियमित/आंशिक** परीक्षा र **बिशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित) अन्तर्गत** शैक्षिक शत्र २०७३/७४ (ई.सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन कायम भएका विद्यार्थीहरुले प्रथम बर्ष प्रथम खण्डको परीक्षार्थीले **नियमित/आंशिक** परीक्षाको आवेदन फाराम भरी बुझाउने अन्तिम म्याद मिति २०७९।०१।२८ गतेसम्म रहेकोमा मिति २०७९।०१।१४ गते प्रकाशित सूचनामा प्रकाशित सम्पुर्ण शर्तहरु लागू हुने गरी परिषद्, प्रदेश कार्यालयहरुको अनुरोध अनुसार देहाय बमोजिम हुने गरी परीक्षा आवेदन फाराम भर्ने **म्याद थप** गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम बुझाउने मिति : २०७९।०२।०५ गतेसम्म
- शिक्षण संस्थाले ITMS मा Online Entry गर्ने नियमित शुल्कको मिति २०७९।०२।०६ गतेसम्म
- शिक्षण संस्थाहरुले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति : २०७९।०२।०७ गते
- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम विलम्ब शुल्कमा बुझाउने मिति : २०७९।०२।०६ देखि २०७९।०२।१२ गतेसम्म
- शिक्षण संस्थाहरुले बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति : २०७९।०२।१३ गते
- शिक्षण संस्थाले सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७९।०२।०६ गते भित्र नियमित शुल्कको तथा मिति २०७९।०२।१२ गते भित्रमा बिलम्ब शुल्कको Web Based ITMS Online System मा शिक्षण संस्थाहरुले अनिवार्य रुपमा Entry गरिसक्नुपर्नेछ ।
- शिक्षण संस्थाले सम्पुर्ण आवेदन फाराम तथा आवश्यक अन्य कागजातहरु सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुमा मिति २०७९।०२।१६ गते कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**